10.3126/voh.v31i1.53799

# नेपाली प्रगतिशील गीतको इतिहासमा मोदनाथ प्रश्रितको योगदान

**–माधवकुमार प्रधान**
शोधार्थी, त्रिविवि इतिहास विभाग

## शोधसार

*प्रस्तुत लेख मोदनाथ प्रश्रितका प्रगतिशील गीतहरूको अध्ययनमा आधारित छ । प्रगतिशील गीत मार्क्सवादी संचेतनाको अभिव्यक्ति सहितको लयात्मक अभिव्यक्ति हो र त्यस अभिव्यक्तिलाई प्रश्रितले आफ्ना गीतमा प्रस्तुत गरेका छन् । प्रगतिशील गीतिचेतनाका दृष्टिले मोदनाथ प्रश्रितका गीतको प्रगतिशील पक्षको अध्ययन यस शोधको समस्या भएको र त्यसको समाधानमा प्रस्तुत लेख केन्द्रित रहेको छ । नेपाली प्रगतिशील गीत परम्परामा प्रश्रितको गीति चेतना उच्च रहेको र त्यस चेतनाले नेपाली श्रमजीवी वर्ग, महिला, उत्पीडित दलित जाति लगायत उत्पीडनमा परेका समुदायलाई सम्बोधन गरेको छ । प्रश्रितका गीतमा उत्पीडित वर्गको मात्र चित्रण गरिएको छैन त्यसका विरुद्ध प्रतिरोधी चेतनाको पनि उद्‍बोधन गरेको छ।*

## शब्द कुन्जी

प्रगतिशील, निरंकुश व्यवस्था, समाज रूपान्तरण क्रान्तिकारी भावना, सिर्जना ।

## १. विषय परिचय

गीत सिर्जनाको लयात्मक विधा हो । मानव जीवन, समाज र इतिहासको वर्णनमा गीतको भूमिका प्राचीन कालदेखि रहँदै आएको छ । प्राचीन ग्रिसेली परम्पराका सफ्फो र संस्कृत परम्पराका वैदिक गायनयुक्त मन्त्र र सूक्तहरूले गीतलाई ऐतिहासिक रूपमा पुरानो विधाका रूपमा चिनाएका छन् । अंग्रेजीमा 'लिरिक' भनिने यस शब्दको विकास प्राचीन ग्रिसको 'लियर' बाट भएको हो जसको तात्पर्य सङ्गीतका साधनसहित गाउनु भन्ने हुन्छ (Lindle, 2013, p12) । यस अर्थमा गीत गेयात्मकविधा हो । गीतलाई विश्वमै काव्यचिन्तनको आधार विधाका रूपमा लिइन्छ र सभ्यताको मुख्य मुख्य यात्रामा यस विधाको रचना भएको पाइन्छ । (कलर, सन् २०१५; १) । प्राचीन विधा भएर पनि गीतले विधागत मान्यता भने स्वच्छन्दतावादी युगमा मात्र पाएको हो । मार्क्सवादको अभ्युदयपछि गीतलाई श्रमको सिर्जनाका रूपमा लिइन थालियो । सिर्जनाको सुरुवाती युगमा भौतिक सङ्गीत वा लयवध्द भाषा सङ्गीत नै थियो र यही सङ्गीतबाट प्राचीन कविताको स्वरूप प्राप्त भयो (Caudwell, 1967, p1) भन्ने मान्यताका आधारमा पनि मार्क्सवादले श्रम र श्रमजीवी जनतासँग गीतलाई जोडेको पाइन्छ । अम्बर गुरुङ (२०५५ पृ२५९) ले पनि भाषा वा अभिव्यक्ति प्राप्त गरेपछि नै गीतको जन्म भएको कुरा बताएका छन् । वास्तवमा मानिसका सुखदुःखको समयको गेयात्मक प्रस्तुतिका रूपमा गीत प्राचीन कालकै सिर्जना हो तापनि यसले विधागत स्वरूप चाहिँ पछि मात्र प्राप्त गर्‍यो ।

(Adorno, 2014, p240) ले चाहिँ गीतलाई वैश्विक रूपमा नै सामाजिक प्रकृतिको विधा मान्दै पुँजीवादी युगमा यसले वैयक्तिक स्वरूप ग्रहण गरेको धारणा प्रस्तुत गरेका छन् । यति भएर पनि गीत वैयक्तिक भए पनि यसले सामाजिक स्वरूप ग्रहण गरेको हुन्छ भन्ने मान्यता एडोर्नोको छ ।

आधुनिक युगमा गीत सामाजिक सांस्कृतिक जीवनको महत्वपूर्ण आधार बनेको छ । यसले निश्चित लयमा सङ्गीतसहित गाइने वा कविताका रूपमा समेत पाठ्यरूपमा रहने विधाको स्वरूप लिएको छ (Lindle, 20, p12) यसरी आधुनिक युगमा गीतले सिर्जनाको सशक्त विधाको रूपमा मान्यता पाएको छ ।

प्रगतिशील गीत लेखनमा गोपालप्रसाद रिमाल, केवलपुरे किसान, गोकुल जोशी पछि गीतकार मोदनाथ प्रश्रित आमाको आशु गीत लेखेर देखापरेका थिए । २००७ सालको राजनैतिक परिबर्तन पछि रेडियो नेपालको स्थापना भयो । जनताको कानसम्म पुग्न सक्ने सञ्चारको माध्यमबाट गीतकारहरूले गायकहरूले समाजको दुःख हटाउन जाग्नु पर्ने गीतहरू त्यही रेडियो नेपालबाट, डबलीहरूबाट, विद्यालयहरूमा आयोजनामा हुने सांस्कृतिक कार्यक्रमबाट रचना गरिएका गीतहरू सुनाउन थालियो र रेडियोबाट गीत बजाउन थालियो त्यस्ता स्थानहरूमा प्रगतिशील गीतकारको रूपमा मोदनाथ प्रश्रित परिचित हुन थालेका थिए ।

नेपाली वृहत शब्दकोश (२०४०) ले प्रगतिशील भन्नाले समाजको उत्तरोत्तर विकासमा विश्वास गर्ने र मार्कसवादी सिद्दान्त अनुसार सामाजिक प्रगतिमा बिश्वास गर्ने भन्ने उल्लेख गरिएको छ ।

उनले आफ्ना अनिगिन्ती कृतिहरूमा वर्तमान मानवी जीवन भोगाइ क्रममा समाजमा व्याप्त रहेको देखिएको शोषण, दमन, अत्याचार, भ्रष्टाचार, दुराचार, कुरीति, नातावाद-कृपावाद, विकृति, विसङ्गति आदिको विरोध गरी यी सब दुर्गुणबाट मुक्त समाजको स्थापना गर्ने विचार र आकाङ्क्षा राखेको पाइन्छ ।(प्याकुरेल, २०६८, पृ२५३)

मोदनाथ प्रश्रित (१९९९) ले २०२३ सालमा 'मानव महाकाव्य' लिएर सुप्रसिद्ध कवि कहलिएका हुन् । २०२३ सालमा मदन पुरस्कार प्राप्त गरेर ख्याति कमाएका मोदनाथ प्रश्रित यथार्थपरक जीवनका प्रगतिशील विचारधाराका गीतकार भनेर उल्लेख गरिएको पाइन्छ । मोदनाथ प्रश्रित, गोकुल जोशी, युद्धप्रसाद मिश्र, केवल पुरे किसान, भूपि शेरचन आदिका गीत लेखन परम्परामा अझ प्रगतिशील भावनाहरूलाई परिष्कार गरेर गीत लेख्ने गीतकार हुन भन्न सकिन्छ । लुम्बिनी अञ्चलको पहाडी जिल्लामा जन्म लिएका प्रश्रित बहु आयामिक व्यक्तित्वका रूपमा सबैले मानेका छन् । प्रश्रितले प्रगतिशील गीतहरूलाई लेखेर सङ्ग्रह गरेर त्यस गीतहरूबाट जनता जगाउने र राजनैतिक शासन व्यवस्थामा परिवर्तन गराउने एउटा सशक्त हतियार बनाउने भनेर रेलिमाई सांस्कृतिक मण्डल (२०२४) सालमा गठन गरे । मोदनाथ प्रश्रित नाटककार, चित्रकार, पत्रकार, गीतकार, कलाकार, एकल अभिनय गर्ने नाटय कलाकार थिए भने साहित्यको सबैजसो विधामा कलम चलाएका बहुमुखी प्रतिभाका धनी प्रश्रितको उल्लेख्य लेखन चाहि तीन क्षेत्रमा रहेको देखिन्छ; काव्य, समालोचना र सांस्कृतिक लेखन । मानव महाकाव्य वि.सं. २०२३ मदनपुरस्कारबाट पुरस्कृत, देवासुर सङ्ग्राम (महाकाव्य वि.सं. २०४०), गोलघरको सन्देश (लघु काव्य वि.सं. २०४०), प्रगतिशील गीति सङ्ग्रह जब चल्छ हुरी (२०४९) प्रकाशित कृतिहरू हुन ।( फुयाल,, २०६८,पृ२९१) ।

मोदनाथ प्रश्रित भाषा शास्त्रका विद्वान, मार्क्सवादी चिन्तक, प्रगतिवादी लेखक एवं आयुर्वेद शास्त्रका ज्ञाता पनि हुनुहुन्छ । साहित्य, कला एवं इतिहासका विधाहरूलाई विश्लेषण गरेर आ-आफ्नै विचार प्रस्तुत गर्न सक्ने क्षमता बोकेमा प्रश्रितलाई प्रगतिशील गीतकार भनेर उहाँबाट लेखिएको गीतलाई प्रगतिशील गीतको इतिहास लेखनमा यस आलेखमा उल्लेख गरिएको हो ।

मोदनाथ प्रश्रित नेपालमा प्रगतिवादी साहित्यकारहरूमा रामचन्द्र भट्टराई, ऋषिराम न्यौपाने, गोविन्द भट्ट, युद्धप्रसाद मिश्र जस्ता शास्त्रीय छन्दमा नाम कहलिएका व्यक्तिहरूसँग प्रश्रित सँगसँगै सम्बद्ध रहेका देखिन्छन् । मोदनाथ प्रश्रितका पहिलो गीत 'नेपाली कङ्गाली किन, घिउ बेची चुरोट उडायो' भन्ने पहिलो प्रगतिशील धारको गीत मानिन्छ ।

२०१७ देखि २०४८ सम्म लेखिएको मोदनाथ प्रश्रितका गीतहरूलाई 'जब चल्छ हुरी' प्रश्रितका गीतहरू, पसिना प्रकाशन नेपाल (२०४९) मा समेटिएका छन् । यस गीतिसङ्ग्रहमा मुख्य गरेर सामाजिक चेतना, देश भक्ति भावना, राजनैतिक चेतना, लैङ्गिक चेतना जगाउने गीतहरू लेखिएको पाइन्छ ।

मोदनाथ प्रश्रितले नयाँ विचार र राजनीतिलाई जनतामा पुऱ्याउन प्रगतिशील गीत लेखिनु पर्ने र त्यस्ता गीतहरूमा जनताले बुझ्ने सरल भाषा प्रयोग हुनुपर्ने र प्रगतिशील गीतहरू सन्देशमुलक हुनु पर्ने आवश्यकतालाई औंल्याएका छन्

। मोदनाथ प्रश्रित वैचारिक रूपमा मार्कसवादी चिन्तनबाट प्रेरित स्रष्टा हुन् । 'जब चल्छ हुरी' प्रश्रितका गीतहरू, पसिना प्रकाशन नेपाल (२०४९) गीत सङ्ग्रहमा लेखिएका गीतहरू उपेक्षित र शोषितका पक्षमा आवाज उठाउँदै क्रान्तिका गीतहरूमा दु:ख, पीर, वेदना र पीडाबाट मुक्ति प्राप्त गर्ने बाटो देखाइएका गीतहरू छन् ।

'जब चल्छ हुरी' प्रश्रितका गीतहरू, पसिना प्रकाशन नेपाल (२०४९) गीतिसङ्ग्रहमा क्रान्ती, सामाजिक परिवर्तन, मानव अधिकार, महिला चेतना, युवा अधिकार, राष्ट्रियता, छुवाछुत प्रथाको अन्त, अन्धविश्वास तथा रुढिवादी विचारको अन्त, शिक्षाको विकास, विज्ञानको विकास, गणतन्त्रको स्थापना जस्तै मूल विषय बनाइएका गीतहरू पाइन्छन् ।

नेपाली प्रगतिशील साहित्य र प्रगतिशील संस्कृतिका एकजना लब्ध प्रतिष्ठित पुरुष स्रष्टामा दरिन पुगेका छन् । प्रश्रितले वेद पुराण, मनुस्मृतिका ग्रन्थहरूको अध्ययन गर्दै त्यसमा आधारित रहेर त्यस विषय र कार्लमार्क्सको मार्क्सवादी साहित्य सौन्दर्य शास्त्र बिच तादाम्यता मिलाउन आफ्नो व्याख्या विश्लेषणहरू विभिन्न पत्रपत्रिका मार्फत् लेखेर प्रस्तुत गरेर प्रगतिशील गीतकारको रूपमा परिचय बनाउनु भएका एक स्थापित साहित्यकार भनेर सबैले मान्दछन ।

## अध्यन विधि

प्रस्तुत शोधको अध्ययन इतिहासको पाठ विश्लेषणमा आधारित छ। यस लेखमा गीतकार मोदनाथ प्रश्रितका गीतका पाठलाई राजनीतिक, सामाजिक सांस्कृतिक र आर्थिक वा वर्चस्व र अधीनताका सन्दर्भबाट अध्ययन गरी त्यसको विश्लेषण गरिएको छ । यसका लागि प्रश्रितका समग्र गीतको चयन गरिएको हुँदा प्रश्रितका गीतिसङ्ग्रह 'जब चल्छ हुरी' बाट 'ए देशका गरीब हो', 'हाम्रो बलिष्ठ आशा', 'सुन कामि साईला दाइ !', 'क्रान्ति', 'वाम मोर्चा आयो !', नेपाल उठन सक्दैन कहिले, नेपाल नउठे, प्यारा नानिहरु, कसले भन्छ छोरीको हारेकोजुनी ! पूर्वमा रातो लालिमा, गीतहरूको चयन गरी तीनको विश्लेषण गरिएको हुँदा सोद्देश्य नमुना छनोट विधिको प्रयोग गरिएको छ ।

यस अध्ययनको मुख्य शोध्य समस्या मोदनाथ प्रश्रितका गीतहरूमा पाइने प्रगतिशील चेतनाको अध्ययन गर्नु रहेको छ। त्यसका आधारमा यस अध्ययनको शोधप्रश्न प्रश्रितका गीतमा के-कस्तो प्रगतिशील चेतना अभिव्यक्त भएको छ भन्ने नै हो ।

प्रस्तुत अध्ययन शोधसमस्या र शोधप्रश्नको समाधानमा केन्द्रित रहने हुँदा यसको उद्देश्य मोदनाथ प्रश्रितका गीतमा पाइने प्रगतिशील पक्षको विश्लेषण गर्नु हुनेछ ।

यस लेख तयार गर्दा यसमा आवश्यक पर्ने प्राथमिक स्रोतमा 'प्रकाशित' 'जब चल्छ हुरी' प्रश्रितका गीतहरू, पसिना प्रकाशन नेपाल (२०४९) भित्र २०१७ साल देखि २०४८ सालसम्ममा लेखिएका प्रगतिशील गीतहरूलाई अध्ययन गरी वणात्मक बिधिमा अध्यन गरिएको छ ।

## अध्यनको सीमाङ्कन

यस लेखमा मोदनाथ प्रश्रितका गीतहरूमा राजनैतिक चेतना भरिएका गीतहरू, सामाजिक चेतना जगाउने गीतहरू, लैङ्गीक विभेदको विरूद्ध लेखिएका गीतहरूलाई छनौट गरि विश्लेश्ण गरिएको छ । २०१७ साल देखी २०५२ सालसम्म लेखिएका गीतहरुको सङ्ग्रह 'जब चल्छ हुरी' गीतिसङ्ग्रहलाई अध्यन र विश्लेषणको सामग्री बनाइएको छ ।

## पूर्वकार्यको समीक्षा

यस सोध लेखमा प्रश्रितका 'जब चल्छ हुरी' गीतहरुबारे केही लेखकहरुले समीक्षा गरेका छन् जसलाई प्रस्तुत अनुसन्धानमा गीत विश्लेषणमा ती लेखहरुको उपयोग गरिएको छ ।

'जब चल्छ हुरी' गीत सङग्रहः एक दृष्टि, जुहीः मोदनाथ प्रश्रित विशेषाङ्क २०६८ मा शिवप्रसाद ज्ञवालीले गीतहरु क्रान्तिकारी र प्रगतिशील विचारले ओतप्रोत भएका छन् भनेर लेखेका छन । शब्द संयोजन मोदनाथ प्रश्रित विशेषाङ्क (२०६८) मा 'जब चल्छ हुरीका हुरी' प्रश्रित शीर्षकमा रुपक अलङ्कारले गीतहरुमा विचार पक्ष, क्रान्ति र प्रगति र शोषित, पीडित मजदुर, किसान, महिला विद्यार्थी, आदिवासी जनजाति सबैलाई क्रान्तिमा समाहित हुन आह्वान गरेको उल्लेख गरेका छन् भने अर्को समालोचक रजनी ढकालले जब चल्छ हुरी गीत सङग्रह जुहीः मोदनाथ प्रश्रित विशेषाङ्क २०६८ मा वर्गीय चेतना र क्रान्तिको प्रतिध्वनिका भावनाहरु समावेश भएका उल्लेख गरेकी छन् । प्रश्रितका गीत नेपाली समाज, इतिहास र संस्कृतिका प्रतिविम्बन हुन् । गीतमा इतिहासको चेतनालाई उनले नेपाली समाजको इतिहासको बोधबाट मात्र होइन प्राचीन धार्मिक मिथकबाट पनि प्रस्तुत गरेका छन् ।

## प्रश्रितका प्रगतिशिल गीतहरुको विश्लेषण

'ए देशका गरिब हो' प्रश्रितको प्रगतिशील चिन्तनले भरिएको गीत हो । प्रगतिवादी सिर्जनाले व्यक्त गर्ने सर्वहारा वर्गीय चेतना यस गीतमा पाइन्छ । गीतको प्रारम्भमा नै गीतकारले 'गरिब', 'किसान', 'ज्यामी', 'सिपाही' लाई सम्बोधन गरेर गीतकारले श्रमिक र श्रमजीवी वर्गको वेदनाको गायन गरेका छन् । उनका दृष्टिमा हामी नेपाली जहाँ रहे पनि र जहाँ बसे पनि शोषणमा परेका छौं । यही शोषणका कारण हामी उत्पीडनमा परेका छौं भन्ने शोषणका कारण हामी उत्पीडनमा परेका छौं भन्ने मान्यता गीतकारको छ । यसै क्रममा गीतकारले जुन धर्म माने पनि र जुन जातका भए पनि स्वदेशमा रहे पनि र विदेशका भए पनि एकजुट भएर देशको स्वरुप फेर्नु पर्ने कुराको आव्हान गर्दछन् । गीतकार आफ्नो गीतमा भन्छन् ।

गरिब छौ सबै भने के धर्म जातपात के ?
लक्ष्य एउटै भने स्वदेश विदेशले
पिएर आँसुका नदी यहाँ अझै बचौं कति ?
ल एकजुट हौं छिटो स्वरूप फेर्न देशको । (ए देशका गरीब हो, प्रश्रित, पृ१३)

यसरी गीतकार देशमा परिवर्तन र कान्ति चाहन्छन् र क्रान्तिमार्फत् देशको मुहार फेर्न चाहन्छन्।

गीतकारले आफ्ना गीत लैङ्गिक सन्दर्भ जोडेका छन् र बहिनी-छोरीलाई पनि सम्बोधन गरेका छन् । उनले छोरी चेलीले परम्परागत सिंगार पटार, महिलालाई बाँध्ने सिन्दुर र लाली फ्याँकेर युद्धभूमिमा फर्कन आह्वान गर्दै स्वतन्त्र र न्याययुक्त समाजको सिर्जनामा लाग्नु पर्ने बताएका छन् । यसै क्रममा उनले समग्र धर्ती पुत्रलाई शत्रुका विरुद्ध लड्न पनि आह्वान गरेका छन् । उनका दृष्टिमा जनताको शक्ति र साहस अलङ्ध्य, अभेद्य अदम्य र अजेय छ । यस्तो शक्ति भएका जनताको साहसबाट नै वर्गवैरीलाई परास्त गर्न सकिने मान्यता उनको छ । 'ए देशका गरिब हो !' गीतकार प्रश्रितको शक्तिशाली प्रगतिशील गीत हो । नेपाली इतिहासको पञ्चायतकालीन समय (२०२५) मा लेखिएको यस गीतमा प्रश्रितले देश र समाजको मुक्तिका लागि देशका सबै उत्पीडित वर्ग एकगठ भएर लड्नु पर्ने धारणा प्रस्तुत गरेका छन् ।

'हाम्रो वलिष्ठ आशा' अर्को प्रगतिशील गीत गीतकार प्रश्रितको पञ्चायतकाल भरिकै प्रसिद्ध गीत हो । क्रान्तिकारी आशावाद र मार्क्सवादी प्रगतिवादी चेतनाले भरिएको यस गीतमा पनि प्रश्रितले आस्थावान प्रगतिशील दृष्टिकोणलाई उन्नत शब्दचेतना र र भावचेतनाका माध्यमबाट प्रस्तुत गरेका छन् ।

प्रश्रितले यस गीतमा क्रान्तिको आशा भाचेर भाचिन्न भन्ने धारणा राख्दै क्रान्तिकारीहरू वलिष्ठ चेतनाले भरिएका हुन्छन् भन्ने मान्यता प्रस्तुत गरेका छन् । यही क्रममा कविले 'सडेगलेको लाठी', 'अग्राख', 'इस्पात' जस्ता विम्ब प्रस्तुत गरेर सर्वहारा वर्गको हातलाई यस्तै लाठी, अग्राख र स्पातका रूपमा लिएका छन् । यही कारण उनले हाम्रो आशालाई वलिष्ठ आशाका रूपमा लिएर दृढ विश्वास बोकेका मान्छेको भावना चट्टान जस्तै बलियो हुने मान्यता प्रस्तुत गरेका छन् ।

गीतकार आस्थालाई अदम्य मान्छन् र यस्तो अवस्था काटेर नकाटिने र नफुट्ने नटुट्ने हुन्छ भन्ने मान्छन् । 'आस्था अदम्य हाम्रो काटेर काटिँदैन' भन्ने गीतको सार पङ्क्तिले समग्र गीतको क्रान्तिकारी सार्थकता र मूल भावलाई प्रस्तुत गरेको छ । यही क्रममा उनी आस्थालाई काटेर काट्न नसकिने मान्छन् भने शक्तिलाई मारेर मार्न नसकिने ठान्छन् । गीतकार भन्छन्–

शक्ति अजेय हाम्रो मारेर मारिदैन
भाडा तिरी लिएको पाल्तु सिपाही हैन
तुफान झैँ उठेका अरबौं गरिब हामी
कसको छ शक्ति लड्ने आओन छाती छामी (हाम्रो बलिष्ठ आशा, प्रश्रित, २०४९, पृ१४)

यसरी गीतकार प्रश्रितको यस गीतमा क्रान्तिकारी प्रगतिवादी चेतना अभिव्यक्त छ । यसका लागि उनी क्रान्तिको लक्ष्यका साथ लड्नु पर्ने र क्रान्तिकारीले कहिल्यै झुक्न नहुने सन्देश दिन्छन् । उनका दृष्टिमा क्रान्तिको चेतना नै सर्वोत्तम र उन्नत चेतना हो त्यसैले क्रान्तिकारीहरू यस्ता चेतनाले भरिपूर्ण हुन्छन् । यही उनीहरू कारण शत्रुका सबै विरोध, दमन, उत्पीडन र मृत्युसम्मलाई परास्त गरेर अघि बढ्न सक्छन् भन्ने मान्यता गीतकारको छ ।

सुन कामी साइँला दाइ !

सुन कामी साईला दाई गीत दलित चित्रणमा आधारित गीत हो । दलित भनेको राजनीतिक रूपमा दमित तल्लो जात भनिने पहिचानमा आधारित समुदाय (हन्ट, सन् २०१४, पृ. ११) हो र प्रश्रितको यस गीतमा पनि नेपाली पहाडी समुदायमा रहेका कामी जातिका विषयमा लेखिएको छ ।

दलितहरूको प्रतिरोधी चेतनामा आधारित यस गीतमा कामी साइँला दाईलाई आफू अछूत नभएको बोध छ र श्रमजीवी वर्ग हुनुको गौरव छ ।

प्रश्रितले यस गीतमा कामी साइँला दाईलाई आसमा बस्ने श्रमजीवी मिहेनती वर्गको प्रतीकका रूपमा लिएका छन् । विश्वकर्माका रूपमा पूजा गरिने कामी साइँला दाईलाई अछुत भनिएकोमा उनको आक्रोश छ र वेइमान सामन्त वर्गले उनलाई अछुत बनाएको हो भन्ने मान्यता उनको छ ।

श्रमजीवी वर्गलाई कहिल्यै सहज र सुविस्ताले सास फेर्न दिइएको छैन भन्ने उनको मान्यता छ । उनी लेख्छन् । कहिल्यै हाम्लाई फेर्न छैन सुविस्ताले सास जहिले पनि आरनमा फलामकै रास जिन्दगीको कमाइ छ हातभरि ठेला तर पनि उल्टै हामी सदैभरि हेला ।

यसरी जसले श्रम र मिहेनत गर्छ त्यही पछि पारिन्छ भन्ने मान्यता गीतकारको छ । 'वेइमानी संसार अझै कति दिन टिक्ला र ?' भनी प्रश्न गर्दै उनले औजारमा धार लगाएर, सिर्जनाको द्वार खोलेर पसिना बगाउनेलाई दलित भन्न नहुने मान्यता प्रस्तुत गरेका छन् ।

गीतको अन्त्यमा उनले जो श्रम नगरी विस्तारामा ढल्केर गरिबको कमाइ लुट्छ तिनले आफूलाई ठूलो जात भन्छ र यो परम्परा तोड्नु पर्ने भाव प्रस्तुत गरेका छन् । वास्तविक अर्थमा तल्लो जाति समूहलाई अछुत मानेर उनीहरूको पहिचान समाप्त पार्ने र सामाजिक उत्पीडन गर्ने काम उच्च जात भनिनेहरूले गरेका हुन् (मोहन, सन् २०१६ पृ. ७६) भन्ने कुरा प्रश्रितको यस गीतले पुष्टि गरेको छ ।

नेपाली समाजमा दलित उत्पीडन र दमनको चित्रण यस गीतमा छ । प्रश्रित समाजमा जातपात र विभेद मान्नु हुन्न भन्ने प्रगतिशील चेतना राख्छन् र उनको प्रस्तुत गीतले पनि यही प्रगतिशील चेतनालाई प्रस्तुत गरेको छ ।

प्रगतिशील गीतकार प्रश्रितले 'क्रान्ति' शिर्षकमा लेख्छन्

आँधी म हुँ मलाई को रोक्नसक्छ रोकोस्

तुफान हुँ मलाई को छेक्न सक्छ छेकोस् (क्रान्ति, प्रश्रित, २०४९, पृ६८)

प्रश्रितले लेख्नु भएको उक्त गीतमा आफ्नो आत्मविश्वासलाई आंधी भएर उभ्याउने शाहस भरिएको भावनालाई पोखेका छन् । खासगरी राजनैतिक आरोप खेपेर जेल भित्र बसेको बेला जेलको परिवेसले आफूलाई कमजोर बनाउन सक्दैन बरु सधैं जनतामा आन्दोलित भएर अगाडि बढिरहोस् भन्ने सन्देश दिन यो गीत लेखेको हो । गीतकारले क्रान्तिको अभियानमा कुनै समस्याले कुनै व्यवधानले आफूलाई रोक्न सक्दै सक्दैन बरु आफैं तुफान भैँ शक्तिशाली बनेर नयाँदिन ल्याउन सधैं जनतासँग सकारात्मक भएर उठदा–

‘कसको के लाग्न सक्छ जनता जुटेपछि,

कुन शक्ति टिक्नसक्छ देशै उठेपछि’, (क्रान्ति, प्रश्रित, २०४९, पृ६८)

भन्दै गीतको सारमा देश उचाल्ने भाव व्यक्त गरेको पाइन्छ ।

जब चल्छ हुरी गीति सङ्ग्रहको प्रगतिशील गीत लेखनमा प्रश्रितले ‘बाममोर्चा आयो ।’ शिर्षकमा तीस वर्षसम्म शासन गरिरहेका पञ्चायती शासन व्यवस्थालाई अब २०४६ सालको आन्दोलनबाट समाप्त पार्न पञ्चायती व्यवस्था विरुद्धको संयुक्त आन्दोलनमा ७ वटा बहुदलिय व्यवस्थाका पक्षधर दलहरू एक ठाउँ भएर गठन भएको बाममोर्चालाई बाममोर्चा आयो भनेर गीतमा उल्लेख गर्दै उक्त गीतको भागभित्र–

‘तीन दशकको आशा हाम्रो पूर्वमा उदायो

सात घोडे रथमा चढी बाममोर्चा आयो

राता फूल सजिएका हृदयका थाली

जनताको स्वागत छ लाखबत्ति बाली (बाममोर्चा आयो, प्रश्रित, २०४९, पृ६०)

यसरी गीतमा गीतकारले तीस वर्षसम्म पञ्चायत व्यवस्था ढाल्न जेल, नेल भोगेर संघर्ष गरेका दिनहरू र त्यस्ता अंध्यारा दिनलाई समाप्त पार्न आन्दोलन गर्दै अगाडि बढ्दा सात घोडे रथमा भनेर सात दलिय मोर्चाका एकतालाई कायम राखेर २०४६ सालको जनआन्दोलनमा जनता लागेर नयाँ व्यवस्था आएको क्षणमा आन्दोलनमा जुटेका सबैले नयाँ दिन हेर्न पाएकोमा हार्दिक स्वागत गर्न लाखबत्ति बालेर नयाँ उत्साह पलाएको समयहरूलाई संकेत गरी गीतमा उल्लेख गरेको पाइन्छ । गीतकार प्रश्रितले आफैं पनि आन्दोलनमा सहभागी भएर आन्दोलन सफल पारेको आफ्नो अनुभूति यस गीतमा लेखिएको पाउन सकिन्छ । बाममोर्चा, आयो ! गीत प्रश्रितले बहुदलिय व्यवस्था स्थापना गर्न लामो समयसम्म जेलको जीवन बिताएर संघर्ष गर्दागर्दै जेलबाट छुटेपछि यो गीतलाई लेखेका थिए र यस गीतमा नेपाली जनतालाई अधिकार प्रदान गर्ने आन्दोलनमा सबै मिलीजुली एक भएर आन्दोलनमा सहभागी हुन सकेमात्र पञ्चायत व्यवस्थाको अवसान भएर नयाँ व्यवस्था अथवा प्रजातन्त्र स्थापना हुन सक्छ र ‘प्रजातन्त्र आउँछ आउँछ तानाशाही भाग्छ’ भनेर प्रस्तुत गीतलाई अन्त गरी लेखिएको पाइन्छ ।

‘नेपाल उठ्न सक्दैन कहिले किसान नउठे’ यो गीतमा प्रश्रितले नेपालको किसानहरू नेपाल देश बनाउन उठ्नु पर्छ भनेर गीतमा सम्बोधन गर्दै गीतका हरफहरू–

नेपाल उठन सक्दैन कहिले किसान नउठे

शक्तिको मुहान फुटदैन कहिले किसान नजुटे (नेपाल उठन सक्दैन कहिले किसान नउठे, प्रश्रित, २०४९. पृ.५८)

वास्तवमा गीतकार प्रश्रितले राजनैतिक व्यवस्था फेरिए पनि देशका किसानहरू एकजुट भएर उठेनन् भने नेपाल बन्न सक्दैन त्यसैले किसानले आफू एक भएर उठ्नु पर्छ र देश बनाउन लाग्नु पर्दछ भन्दै किसानलाई जारुक बनाउने गीत कोरेका छन् । प्रश्रितले शक्तिको स्रोत जनता हुन् जनता नै किसान हुन भनेर किसानलाई देश बनाउने, देश उठाउने शक्ति मानेका छन् । गीतकारले नेपालको कृषि अर्थतन्त्रलाई माथि उठाउन किसानको एकता र किसान किसानको सक्रियतामा विश्वास गरेका छन् । नेपाल कृषि प्रधान देश हो यहाँ उब्जनीको आधारबाट नेपाली जनता बाँचेका छन् र किसानले अन्न उब्जाएर सबै नेपालीको पेट भरिदिन सक्छ भनेर गीतको शब्दहरूबाट सन्देश दिएका छन् । नेपाल सुन्दर शान्त विशाल नेपाल बनाउन शक्तिको मुहार फुटाएर मात्र सम्भव हुन्छ र त्यो शक्तिको मुहान भनेको किसान हुन किसानले चाहेमा नेपाललाई झिलिमिली बनाउन सक्दछ है भन्ने विश्वास गीतकारले जाहेर गरेको छ ।

गीतकार प्रश्रितले साना नानीहरूलाई जनताको पक्षमा आवाज उठाउन सबै नानीहरूका लागि 'प्यारा नानीहरू ! शिर्षकमा गीत कोरेका छन् । सबै नेपालका नानीहरूलाई देशको लागि केही गर्नैपर्छ भन्ने भावना जगाउन'–

तिम्रा सुरिला कण्ठहरूमा

गुन्जोस युगको नाद

घन्कोस् तिम्रा वाणीहरूमा

जनताको आवाज (प्यारा नानीहरु, प्रश्रित, २०४९, पृ५७)

यसरी साना नानीहरूलाई आफ्नै देश बनाउन सानो बेलादेखि चेतनशील बनेर देशलाई माया गरेर उठनका लागि गीत लेखेका छन् । नेपाल बनाउन साना नानहिरूले सानो उमेरबाट ज्ञान लिएमा ठूलो भएपछि तिनै साना नानीहरू देश बनाउने अभिभारा बोक्ने छन् भनेर नै गीतकारले साना नानीहरूलाई देश निमार्णमा जिम्मेवार बनाउन नैतिक शिक्षा पढाउनुका साथै देश विकासको शिक्षा पनि पढाउनु पर्दछ भनेर यस्तो गीतहरूबाट सम्बोधन गर्दै नानीहरू, बालबालिकाहरूलाई सिकाउन गीत लेख्दा गीतकार आफैंले आफ्नो सानो उमेरमा आफ्नै घर परिवारभित्र शिक्षा दिक्षा लिएको सम्झना गर्दै गीत लेखेको पाइन्छ । प्रश्रितले सकेसम्म गीत लेख्नु हुँदा महिला, बालबालिका, सबैलाई चेतना भरियोस भनेर गीतहरू लेख्ने गरेको पाइन्छ । गीतकार प्रश्रितले जब चल्छ हुरी गीति सङ्ग्रहमा लेखिएका गीतबारे प्रतिनिधिमुलक गीतहरू बारे यिनै विश्लेषणमा समावेश गरिएको छ ।

कसले भन्छ छोरीको हारेको जुनी गीत मोदनाथ प्रश्रितको लैङ्गिक चेतनायुक्त गीत हो । नेपाली समाजमा हुने पितृसत्तात्मक शोषण र त्यस शोषणका कारण नारीहरूमाथि हुने गरेको विभेद, अन्याय र प्रतिरोध समेत चित्रण यस गीतमा पाइन्छ । मानव हुनका नाताले छोराछोरी बराबर हुन् र छोरी माथिको विभेद सामाजिक अन्याय हो भन्ने धारणा यस गीतमा व्यक्त भएको छ ।

गीतकारले छोरीहरूले भन्ने गरेको 'हारेको जुनी' जस्ता पदावलीका विरोध गर्दै पितृसत्ता अन्त्य संघर्षबाट मात्र हुन्छ भन्ने सन्देश यस्ता गीतमा छ । छोरी पनि छोरा जस्तै र उनीहरूलाई दोस्रो दर्जाको व्यवहार गर्ने समाजका विरुद्ध संघर्ष गर्नु पर्छ भन्ने मान्यता यस्ता गीतमा व्यक्त भएको छ ।

गीतकार लेख्छन्–

मेरो पनि दाइको जस्तो रगत छ रातो

मेरो पनि मुटुभित्र धुकधुकी छ तर

कसले भन्छ छोरी मान्छे बस्नु पर्छ

कसले भन्छ बस्नु पर्छ जुठोपुरो चाटि (कल्ले भन्छ छोरीको हारेको जुनी, प्रश्रित, २०४९, पृ२०)

यसरी प्रस्तुत गीतमा रगत र मुटुको तातोपनका कारण दाइ र बहिनी बराबर छन् भन्ने भाव व्यक्त गर्दै अब छोरीहरूले दासी बन्ने प्रथालाई तोड्नुपर्छ र यसका लागि संघर्ष गर्नुपर्छ भन्ने चेतना व्यक्त भएको छ ।

गीतकार प्रश्रितले छोरीलाई दान गरेर दिने परम्परागत हिन्दू संस्कारमाथि पनि प्रश्न उठाएका छन् । छोरीहरू गाई भैंसीजस्तै दान दिने वस्तु हो होइन र उनीहरू पनि मानव नै हुन भन्ने कुरा व्यक्त गर्दै नाककान छेड्ने दासताको सिक्री र छोरीलाई बिक्री गर्ने रितलाई तोड्नुपर्छ भन्ने मान्यता गीतकारको छ ।

गीतकार चुरापोते जस्ता वस्तुलाई हतकडी र नौगेडीलाई घांटीको पासो ठान्छन् । यही क्रममा उनले दिदी बैनी उठ्नु पर्ने र युद्धमोर्चामा सामेल भई एकताबद्ध रूपमा संघर्ष गर्नु पर्ने सन्देश यस गीतमार्फत् व्यक्त गरेका छन् ।

'पूर्वमा रातो लालिमा छाउँदैछ' गीत प्रश्रितको क्रान्तिकारी चेतनाले भरिएको गीत हो । यस गीतमा कविले गीतका माध्यमबाट क्रान्तिको चेतना भर्ने काम गरेका छन् । गीतको शीर्षकमा रहेको 'रातो लालिमा' क्रान्तिको प्रतीक हो र पूर्व सूर्योदय वा प्रकाशित नेपाली समाजको प्रतीक हो । गीतमा प्रतीकका माध्यमबाट क्रान्तिको आह्वान गर्ने काम गीतकारले यस गीतमा गरेका छन् । यहाँ 'साहिँला' व्यक्ति साहिँलो मात्र नभएर नेपाली जनताको प्रतीकका रूपमा आएको छ र नेपाली जनताका रुने दिन सकिए वा सकिने छन् भन्ने सन्देश यस गीतले प्रस्तुत गरेको छ ।

गरिबहरू भनेका पसिना बगाउने समूह हुन् र यी निम्नवर्गका जनताको जीवनमा उज्यालो आउनेछ भन्ने सन्देश यस गीतमा छ । अझै अगाडि गीतकार भन्छन्-

कति है सधैँ नुगेर हामी दुई हात जोडौँला
गरिबको हक हामीले कहाँ नलिई छोडौँला (पूर्वमा रातो लालिमा छाउँदै छ प्रश्रित, २०४९, पृ७)

सानो आकारमा गाउन मिल्ने लयमा लेखिएको यो गीत पञ्चायती कालको चर्चित गीत हो । यस गीतमा विदेशीको इसारा र सहारामा चलेर देश नबन्ने र यसले हामीलाई दास मात्र बनाउने हुँदा स्वतन्त्रता र न्यायका लागि संघर्ष आवश्यक छ भन्ने सन्देश व्यक्त गरिएको छ । यस बाहेक काममा र मामको खोजीमा विदेश पलायन भएका र हुन खोज्ने नेपालीले यहीँ फर्केर मुक्तिका लागि लड्नुपर्ने सन्देश पनि यस गीतले दिएको छ ।

## निष्कर्ष

मोदनाथ प्रश्रितले २०१५ सालबाट प्रगतिशील चेतनाका गीतहरू मात्र लेखेनन् आफैले जनआन्दोलनमा सहभागी भएर जेल नेल भोगेर जनतालाई सामन्ती सासनबाट मुक्त गर्न डटेर लागिपर्ने एक स्रष्टा मानिन्छ । सामाजिक तथा राजनैतिक परिवर्तनका पक्षधरतामा रहेर प्रश्रितले लामो समय जेल जीवनका भोगाइहरू, जेल भित्र गोलघर भित्र पाएको यातनाहरूलाई  आफ्ना गीतमा प्रतिविम्वित गरेका छन् । “जब चल्छ हुरी” गीतिसङ्ग्रहमा वर्गीय चेतना र क्रान्तिका भावनाहरू प्रकट गरेर गीत लेखे र त्यस्ता गीतलाई नेपाली झ्याउरे लयमा गाउन मिल्ने  गरी संयोजन गरिएको छ । नेपाली जनताको भविष्यको लागि मोदनाथ प्रश्रित प्रगतिशील गीतकार भएर नेपाली प्रगतिशील गीतको इतिहासमा ससक्त प्रगतिशील गीतकार हुन् ।

उनका गीतमा देश प्रेम राष्ट्रियता, समाजबोध एवं विश्व बोध प्रकृति प्रेमका साथै मानवतावादी, नारीवादी क्रान्तीकारी प्रगतिवादी विचारक समेत भएर मोदनाथ प्रश्रितले नेपाली समाजलाई रूपान्तरण गर्दै लैजान भूमिका निर्वाह गरेको पाइन्छ । नेपाली समाजको उच्च जात मानिने बाहुन जातमा जन्म लिए पनि सामाजिक कुरीतीलाई फाल्न निरन्तर जातको माझमा प्रगतिशील गीत लेखेर पुगिरहेका छन् । समाजमा रहेको उचनिच भावनालाई निर्मूल पानं धेरै ठाउँमा प्रवचनको माध्यमबाट गीतको माध्यमबाट प्रचित लागिरहने एक अथक स्रष्टा हुन् । अध्ययनले के देखाउँछ भने प्रगतिशील गीत लेखनको इतिहासमा एक सफल प्रगतिशील गीतकार मोदनाथ प्रश्रित हुन भनेर भन्न सकिन्छ ।

मोदनाथ प्रश्रित प्रगतिशील गीतकार हुन् । नेपाली समाजका उत्पीडित वर्गको मुक्तिमा समर्पित यी गीतहरू नेपाली समाजको परिवर्तन र रूपान्तरणका विषयमा केन्द्रित छन् । विषयको विशालता र विराटता उनका गीतको विशेषता हो । त्यही क्रममा उनले महिला, उत्पीडित जाति र निम्न वर्गलाई सम्बोधन गर्दै तिनको मुक्तिका लागि क्रान्ति गर्नु पर्ने सन्देश गीत मार्फत् दिएका छन् । मानवमुक्ति, सामाजिक न्याय र स्वतन्त्रता नै मार्क्सवादी चेतनाको आधार हो भने प्रश्रितका गीतमा पनि श्रमिक किसान, महिला तथा उत्पीडित जातिको मुक्ति, न्याय र स्वतन्त्रताको गायन गरिएको छ । नेपाली प्रगतिशील गीत लेखन परम्परामा प्रश्रितको प्रगतिशील चेतना उच्च रहेको छ भने गीति चेतना पनि उन्नत रहेको छ । यस दृष्टिले उनी सशक्त प्रगतिशील गीतकार हुन् भन्ने निष्कर्ष प्रस्तुत अध्ययनबाट प्राप्त भएको छ ।

## सन्दर्भ सामग्रीसूची

गुरुङ, अम्बर (२०५५), *'गीत'* नेपाली साहित्य कोश, काठमाडौं : नेपाल राजकीय प्रज्ञा- प्रतिष्ठान ।

. ढकाल रजनी (२०६८), *'जब चल्छ हुरी'* मा वर्गीय चेतना र क्रान्तीको प्रतिध्वनी; प्रदिपमणि रेग्मी ।

प्रश्रित मोदनाथ (२०४९), '*जब चल्छ हुरी',* ललितपुर : धौलागिरि छापखाना ।

बराल, कृष्णहरि (२०५५), '*संदृष्टि',* ललितपुर : साझा प्रकाशन, (२०६०), *गीत : सिद्धान्त र इतिहास,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

Adorno, T. W. (2014). 'On Lyric Poetry and Society'. *The Lyric Theory Reader A Critical Anthology*. (ed) Virginia Jackson and Yuppie Pirns. Baltimore Johns Hopkins University Press.

Cullar, J. (2015). *Theory of Lyric.* Massachusetts: Harvard University Press.

Caudwell, C (1967). *Illusion and Reality.* New York: International Publishers.

Hunt, S. B. (2014). *Hindi Dalit literature and the politics of representation*. London as New York: Rutledge.

Lindle, David 2013. 'Words for music, perhaps': Early modern songs and lyric. *The Lyric Poem Formations and Transformations* Cambridge; Cambridge University Press.

Paul, D .( 2005) . 'Lyric' *Romanticism.* Oxford: Oxford University Press.